# आ.व. २०७६/०७७ को सम्पत्ति विवरण बुझाउने सम्वन्धी अत्यन्त जरुरी सूचना ।

भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३१ (क) को उपदफा (१) र नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा शर्त विनियमावली, २०७५ को विनियम १४१ बमोजिम प्रत्येक कर्मचारीले आ.व. समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण बुझाउनु पर्ने कानूनी व्यवस्था भएको हुँदा आ.व. २०७६/०७७ को सम्पत्ति विवरण निर्धारित ढाँचाको फाराममा भरी प्रत्येक कर्मचारीले अलग अलग खाममा बन्द गरी देहाय बमोजिमको विवरणहरु खाम बाहिर उल्लेख गरी २०७७ भदौ २८ गते भित्र अनिवार्य रुपमा कार्यरत कार्यालय मार्फत वा सिधै विभागीय कारवाही शाखामा दर्ता हुने गरी पठाउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

**खामको बाहिर पट्टि उल्लेख गर्नुपर्ने विवरण:**

आ.व. २०७६/०७७ को सम्पत्ति विवरण

| | |
|---|---|
| कर्मचारीको संकेत नम्वरः- | सेवाः- |
| नाम थरः- | समूहः- |
| पदः- | कार्यरत कार्यालयः- |
| तहः- | मोवाइल नम्वरः- |

पुनश्चः

१. कोभिड-१९ को महामारीका कारण आवत जावतमा भएको समस्या, नेपाल सरकारवाट जारी भएका विभिन्न निर्देशन र मापदण्डलाई मध्यनजर गर्दै आफ्नो कार्यालयमा कार्यरत सम्पूर्ण स्थायी/करार/म्यादी र प्रधान कार्यालयवाट नियुक्त ज्यालादारी कर्मचारीहरुको सम्पत्ति विवरण सम्मिलित गोप्य खामहरु संकलन गरी २०७७ भाद्र २८ गते भित्र नामावली सहित विभागीय कारवाही शाखामा उपलब्ध गराइदिनु हुन सम्पूर्ण कार्यालयहरुलाई अनुरोध छ।

२. सम्पत्ति विवरण पेश गर्नु पर्ने अन्तिम समयमा धेरै कर्मचारीहरुबाट एकै पटक विवरण पेश हुँदा प्राविधिक कठिनाइ उत्पन्न भएमा दर्ता गर्न समस्या पर्न सक्ने हुँदा सकेसम्म **२०७७ भाद्रको दोश्रो हप्ता भित्र** सम्पत्ति विवरण यस विभागीय कारवाही शाखामा दर्ता गर्ने/गराउने व्यवस्थाको लागि सम्वन्धित सबैमा अनुरोध छ।

३. हुलाक/कुरियर वा अन्य कुनै निकायमा जुनसुकै मितिमा दर्ता भएता पनि विभागीय कारवाही शाखामा म्यादभित्र प्राप्त भएको सम्पत्ति विवरण मात्र दर्ता गरी अभिलेख राखिनेछ। म्यादपछि प्राप्त भएको विवरणलाई प्राप्त नभए सरह मानी दर्ता गरिने छैन। कार्यरत कार्यालयमा विवरण बुझाउने कर्मचारीले आफ्नो विवरण यस शाखामा प्राप्त भए/नभएको यकिन गर्नहुन समेत जानकारी गराइन्छ । यस शाखामा विवरण प्राप्त भएको भरपाई/निस्सा सम्बन्धित कार्यालयको नामावली सहितको पत्रमा दिइनेछ ।

४. कारणवस सम्पत्ति विवरण बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा विवरण बुझाउने प्रयोजनको लागि मात्र बिहान १०:०० देखि १७:०० बजेसम्म बिभागीय कारवाही शाखा खुल्ला रहने छ ।

५. सम्पत्ति विवरणको फाराम नेपाल विद्युत प्राधिकरणको वेभसाइट nea.org.np/form वाट समेत प्राप्त गर्न सकिने छ ।

सम्पत्ति विवरण पेश गर्ने दायित्व सम्वन्धित कर्मचारीको भएकोले खाम बाहिर विवरण नभरेको वा गलत विवरण भरेको वा म्याद गुजारी सम्पत्ति विवरण दर्ता हुन नसकेमा त्यसबाट हुने जरिवाना लगायतका विषयमा सम्वन्धित कर्मचारी नै जिम्मेवार हुनेछ ।

नेपाल विद्युत प्राधिकरण
विभागीय कारवाही शाखा
दरवार मार्ग काठमाण्डौ ।